बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय गजुरी,धादिङ

## प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/११ गते)

बागमती प्रदेश सरकार,सामाजिक विकास मन्त्रालय अन्तर्गत यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार रसुवा,नवाकोट र धादिङ जिल्ला कार्यक्षेत्रमा रहेका सामुदायिक पुस्तकालयलाई तपसिल बमोजिमका कार्यक्रम सञ्चालनका लागि अनुदान दिइने हुँदा इच्छुक सामुदायिक पुस्तकालयहरुले "समुदायिक पुस्तकालय सबलिकरण अनुदान सम्बन्धी कार्यविधि,२०८१"बमोजिम तपसिल अनुसारका कागजातहरुसहित सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०८२/०८/२५गते) कार्यालय समयभित्र यस सामाजिक विकास कार्यालय गजुरी,धादिङमा प्रस्तावपत्र पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

<table>
<tr><th colspan="2">प्रस्तावना पेश गर्ने सामुदायिक पुस्तकालय कार्यविधिको दफा ४ बमोजिम पुरा गर्नुपर्ने शर्तहरु</th></tr>
<tr><td colspan="2">• पुस्तकालय सार्वजनिक (गैर नाफामुलक) हुनुपर्दछ,<br>• सकेसम्म आफ्नै भवन भएको वा नभए कम्तिमा ५ वर्ष लिजमा लिई पुस्तकालयसम्बन्धी कार्यक्रम सञ्चालन भएको,<br>• पुस्तकालयको मानव संसाधनका लागि स्थानीय तहबाट वार्षिक रुपमा नियमित अनुदान दिएको प्रमाणपत्र,<br>• पुस्तकालय नियमित रुपमा सञ्चालन भएको,<br>• दैनिक सेवा सञ्चालन गर्न कम्तिमा १ जना कर्मचारी व्यवस्था भएको,<br>• अनुसुचि १ बमोजिमको पुस्तकालय सवलिकरण प्रस्तावको साथमा स्थानीय तह र कार्यलयबाट सहकार्य गर्ने गरी स्थानीय तहले गरेको प्रतिवद्धता पत्र पेश गर्नुपर्ने,<br>• सहकार्यका लागि कार्यलयबाट उपलब्ध गराइएको अनुदान रकमबाट पुस्तक,पत्रपत्रिका,विद्युतिय पुस्तकालय सेवा, शैक्षिक सुचना-प्रविधि,कम्प्युटर, प्रिन्टर,फोटोकपी,फर्निचर आदिजस्ता क्षेत्रमा उपयोग गर्नुपर्नेछ।</td></tr>
<tr><td>कार्यक्रमको नामः</td><td rowspan="2">पेश गर्नुपर्ने कागजातहरु<br>१. प्रस्तावित बजेटको कार्यान्वयन योजना<br>२. स्थानीय तहको सिफारिस पत्र<br>३. सामुदायिक पुस्तकालय दर्ता प्रमाणपत्र प्रतिलिपि<br>४. पुस्तकालय नविकरण भएको प्रमाण<br>५. पुस्तकालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>६. पुस्तकालय रहेको घरको स्वामित्व खुलेको प्रमाण तथा लिजमा लिएको भए कम्तिमा ५ वर्षको लागि लिएको प्रमाण खुलेको कागजात<br>७. प्रस्तावनामा उल्लेख गरिएको विवरण पुष्टि हुने थप कागजातहरु</td></tr>
<tr><td>सामुदायिक पुस्तकालय सवलिकरण अनुदान</td></tr>
</table>

**स्पष्टिकरणः** म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।सम्बन्धित कार्यविधि,अनुसुचि फारमलगायत यस सुचनाको विस्तृत जानकारीको लागि यस कार्यलयको वेबसाइट Sdodhading .bagamati.gov.np मा हेर्न तथा ९८४८२७७२१९ मा सम्पर्क गर्न सकिनेछ।

२०८२।०८।११

..................

(रमेश घिमिरे)

कार्यालय प्रमुख

CamScanner